नेपाल सरकार

# युवा तथा खेलकुद मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
चलानी नं :

मिति २०७८।०९।०१

## प्रेस विज्ञप्ती

यस मन्त्रालयको चालु आ. व. २०७८।०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार खेलकुद विकास कार्यक्रम तर्फ खेलकुदका राष्ट्रिय प्रतिभा सम्मान गर्ने कार्यक्रम रहेको व्यहोरा अनुरोध छ । सो सन्दर्भमा खेलकुद प्रतिभा सम्मान समितिको मिति २०७८।०८।१५ गते को निर्णयानुसार खेलाडी साधारण तर्फ ६ जना खेलाडीको नाम सिफारिस भई मन्त्रालयबाट निर्णय भएकोमा राष्ट्रिय खेलकुद प्रतिभा सम्मान कार्यविधि २०६८, (तेस्रो संशोधन २०७५) मा विगत वर्षहरुमा खेलकुद प्रतिभा सम्मान प्राप्त गर्ने खेल प्रतिभाहरुलाई सहभागी नगराइने स्पष्ट उल्लेख भएको र सोहि अनुसार सार्वजनिक सूचनामा समेत सरोकारवालाहरुलाई जानकारी गराईएकोमा प्रतिभा सम्मानको लागि सिफारिस भएका एलेन श्रेष्ठ, (कराँते), पुष्पा भण्डारी, (एथलेटिक्स), दिपक हमाल, (उसु), जुनी राई, (उसु), निमा घर्ति मगर, (उसु), सुस्मिता तामाङ, (उसु) खेलाडीहरु मध्ये निमा घर्ति मगरले विगत वर्षमा खेलकुद प्रतिभा सम्मान पुरस्कार पाएको कुरा जानकारीमा आएकोले तपशिल अनुसारका बाँकि ५ जना खेलकुद प्रतिभालाई मिति २०७८।०९।०१ को मन्त्रिस्तरीय निर्णयानुसार नगद पुरस्कार सहित सम्मान गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

तपशिल:

क. एलन श्रेष्ठ, बेसिगाउँ-८, काठमाडौं (कराँते)
ख. पुष्पा भण्डारी, सारदा -१४, सल्यान (एथलेटिक्स)
ग. दिपक हमाल, छिन्चु-७, सुर्खेत (उसु)
घ. जुनी राई, देउमाई -३ इलाम/ हाल धादिङ (उसु)
ङ. सुस्मिता तामाङ, चाँगुनाराण - ४ भक्तपुर (उसु)

कमल प्रसाद पोखेल
सहसचिव

फोन नं. :- ४२००५४२ (प्रशासन), ४२००५५३ (योजना), ४२००५४४ (युवा), ४२००५५० (खेलकुद), ४२००५४३ ( आ.प्र)
फ्याक्स नं. : ४२००५५२, इमेल: info@moys.gov.np, वेबसाइट: www.moys.gov.np